थाहामा हावाहुरीले ९९ घरगोठमा क्षती, प्राविधिकहरु इस्टिमेटका लागि परिचालन । पृष्ठ ५ मा

विकास खबरपत्रिका
राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-३५ ● २०८१ चैत ०४ गते सोमबार, ● 17 March, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


### मकवानपुरको १० पालिकामा समानीकरण बजेट

# दुई स्थानीय तहको अनुदान घट्यो

मणिराज थापा
थाहानगर

आगामी आर्थिक वर्ष २०८२/०८३ मा मकवानपुरमा दश स्थानीय तहले १ अर्ब २७ करोड ११ लाख रूपियाँ वित्तीय समानीकरण अनुदान पाउने भएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षका लागि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई गरेको सिफारिसमा उक्त बजेट पाउने उल्लेख गरिएको छ । यो बजेट चालु आर्थिक वर्ष २०८१/०८२ को तुलनामा ४ करोड ७० लाख रूपैयाँ बढि हो ।

वित्त आयोगका अनुसार मकवानपुरका दशमध्ये दुई वटा स्थानीय तहको समानीकरण अनुदान चालु आर्थिक वर्षको तुलनामा आगामि आर्थिक वर्षका लागि घट्ने भएको छ । चालु आर्थिक वर्षमा ७ करोड २६ लाख समानीकरण अनुदान पाएको इन्द्रसरोवर गाउँपालिकाले आगामि आर्थिक वर्ष ७ करोड ११ लाख रूपैयाँ पाउने भएको छ । अर्थात पालिकाको १५ लाख रूपैयाँ समानीकरण अनुदान घट्ने भएको हो । चालु आर्थिक वर्षमा २९ करोड ९८ लाख समानीकरण अनुदान पाएको हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्षमा २९ करोड ७६ लाख पाउने भएको छ । हेटौंडाको २२ लाख समानीकरण अनुदान घट्ने भएको हो । अरू ८ वटा पालिकाको समानीकरण अनुदान भने बढेको छ ।




राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले २८ फागुनमा नेपाल सरकारलाई गरिएको सिफारिस अनुसार आगामि आर्थिक वर्ष २०८२/०८३ मा मकवानपुरको थाहा नगरपालिकाले १२ करोड ३९ लाख पाउने छ । यो चालु आर्थिक वर्षको भन्दा ११ लाख रूपैयाँ बढि हो । भीमफेदी गाउँपालिकाले १० करोड ५२ लाख पाउने छ । यो अनुदान चालु आर्थिक वर्षको भन्दा ६० लाख बढि हो भने मकवानपुरगढीले आगामि आर्थिक वर्षमा १० करोड ७ लाख रूपियाँ पाउनेछ । यो चालु आर्थिक वर्षको भन्दा २५ लाख बढि अनुदान रकम हो । बकैयाले चालु आर्थिक वर्षको अनुदान भन्दा १ करोड ४ लाख थप्दै १२ करोड ९५ लाख समानीकरण अनुदान पाउने भएको छ ।

त्यसैगरी बागमती गाउँपालिकाले आगामि आर्थिक वर्षका लागि ११ करोड ७० लाख रूपैयाँ समानीकरण अनुदान पाउने भएको छ । यो चालु आर्थिक वर्षको भन्दा १ करोड ३१ लाख रूपैयाँ बढि हो । मनहरी गाउँपालिकाले १२ करोड ५३ लाख रूपैयाँ पाउने भएको छ । यो बजेट चालु आर्थिक वर्षको भन्दा १६ लाख रूपैयाँ बढि हो भने चालु आर्थिक वर्षको समानीकरण अनुदानमा ७९ लाख रूपैयाँ थप्दै कैलाश गाउँपालिकाले ९ करोड ८३ लाख रूपैया बजेट पाउने भएको छ । राक्सिराङ गाउँपालिकाले १० करोड २५ लाख रूपैयाँ वित्तीय समानीकरण अनुदान पाउने सिफारिसमा उल्लेख गरिएको छ । यो समानीकरण अनुदान चालु आर्थिक वर्षको तुलनामा ८१ लाख रूपैया बढि हो ।

| स्थानीय तहको नाम | आर्थिक वर्ष ०८१/०८२ | आर्थिक वर्ष ०८२/०८३ | घट/बढ बजेट |
|---|---|---|---|
| थाहा नगरपालिका | १२२८००००० | १२३९००००० | ११००००० |
| इन्द्रसरोवर गाउँपालिका | ७२६००००० | ७११००००० | -१५००००० |
| भीमफेदी गाउँपालिका | ९९२००००० | १०५२००००० | ६०००००० |
| हेटौंडा उपमहानगरपालिका | २९९८००००० | २९७६००००० | -२२००००० |
| मकवानपुरगढी गाउँपालिका | ९८२००००० | १००७००००० | २५००००० |
| बकैया गाउँपालिका | ११९१००००० | १२९५००००० | १०४००००० |
| बागमती गाउँपालिका | १०३९००००० | ११७०००००० | १३१००००० |
| मनहरी गाउँपालिका | १२३७००००० | १२५३००००० | १६००००० |
| कैलाश गाउँपालिका | ९०४००००० | ९८३००००० | ७९००००० |
| राक्सिराङ गाउँपालिका | ९४४००००० | १०२५००००० | ८१००००० |
| जम्मा | १२२४१०००००० | १२७११०००००० | ४७०००००० |

### थाहानगरले पायो कार्यसम्पादन अनुदान सबैभन्दा बढि



मकवानपुरका १० स्थानीय तहहरू मध्ये वित्तीय समानीकरण अन्तर्गत पर्ने कार्यसम्पादनमा आधारित अनुदान थाहा नगरपालिकाले सबैभन्दा बढि पाउने भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई गरेको सिफारिसमा थाहानगरले सबैभन्दा बढि अनुदान पाउने

बाँकी पेज ५ मा

## इन्द्रसरोवरमा पर्यापर्यटन कार्यालय स्थापना



◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५, चखेलमा रहेको श्री सुन्दरी देवी सामुदायिक वन उपभोक्ता समूहद्वारा सञ्चालित पर्यापर्यटन कार्यक्रमसम्बन्धी सम्पर्क कार्यालयको २ चैत्रमा उद्घाटन गरिएको छ ।

समूहले पर्यापर्यटन प्रवर्द्धन गर्दै स्थानीयलाई रोजगारी उपलब्ध गराउने तथा आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्यसहित सामुदायिक लगानीमा रेस्टुरेन्ट, पिकनीक स्पोर्ट, बोडानिकल पार्क, चिल्ड्रेन पार्क, ट्रेन तथा क्याम्पिन खोल्ने योजना अघि सारेको हो । उक्त कार्य सन्चालन गर्न समुहका सदस्य हरूले लगानी गर्ने र बाँकी रकम अन्य सरकारी निकायबाट सहयोग माग्ने सक्ने व्यवस्था गरिएको छ । उक्त रकम समूहले ऋणको रूपमा लिएर रेस्टुरेन्ट स्थापना गर्ने योजना बनाएको छ ।

सो कार्य सञ्चालन गर्न को लागि बागमती प्रदेश बन निर्देशनालयबाट वातावरणीय मुल्यांकन प्रभाव (इआइए) स्वीकृत भै राप्ती मनहरी डिभिजन वन कार्यलयबाट डिपिआर स्वीकृत गरि बागमती प्रदेश वन निर्देशनालयबाट स्वीकृति प्राप्त गरी औपचारिक रूपमा आजदेखि कार्य प्रारम्भ भएको छ । समूहका सदस्य विजय तामाङका अनुसार तीन वर्षभित्र रेस्टुरेन्टसहितका भौतिक संरचना निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको जानकारी दिए ।

उद्घाटन कार्यक्रममा समूहका अध्यक्ष रामकृष्ण डिम्डुङ सभाध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ५ का वडा अध्यक्ष दुतराज तितुङ को प्रमुख आतिथ्यता रहेको थियो । कार्यालय स्थापनासँगै पर्यटकको आवागमन र घुमफिरका लागि थप टेवा मिल्ने अपेक्षा लिइएको छ ।

नेपालकै पहिलो मानवनिर्मित ताल रहेको इन्द्रसरोवर रहेको यस पालिकामा अन्य विविध पर्यटकीय गतिविधिहरू सञ्चालन हुँदै आएको छ ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि
अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

विकास खबरपत्रिका साप्ताहिक | www.bikaskhabar.com | प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०८१ चैत ०४ गते सोमबार, 17 March, 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## • सम्पादकीय •

# डढेलो नियन्त्रण सचेतना आवश्यक

यो समय हावाहुरीको हो । यस्तो बेला आगलागीका थुप्रै घटनाहरु हुने गरेको छ । मकवानपुरको थाहा नगरपालिका क्षेत्रमा मात्र हैन छिमेकी पालिकाहरुमा समेत वर्षेनी विविध कारणले सल्किने आगलागीबाट ठूलो क्षति हुने गरेको छ । अकिांश आगलागीका घटनाबाट धेरथोर क्षति भएकै हुन्छ । सल्किने बित्तिकै आगो नियन्त्रण हुनै सक्दैन । जिल्लाका १० पालिका मध्ये थाहा र हेटौंडा उपमहानगरसँग मात्र दमकल सेवा छ । यो सेवाले आगो सल्किएको ठाउँमा क्षति हुन नदिनु भन्दा पनि अन्यत्र आगो सल्किनबाट रोक्ने बेगर अन्य काम प्रायः असम्भव छ । आगलागीका ठूला–ठूला घटना वर्षेनि जस्तो भइरहेका हुन्छन् तर अझै पनि सबै स्थानीय तहमा आगलागी नियन्त्रणका लागि आधारभूत आवश्यकता दमकल समेत छैनन् । जिल्लामा आगलागी नियन्त्रणको पूर्वाधारको अभाव खट्किएको अहिले मात्र होइन । आगलागी नियन्त्रणका लागि आवश्यक उपकरणको अभाव हरेक वर्ष खट्किने गरेको छ । विपत पूर्वतयारीका लागि बस्ने बैठकहरुमा यस्ता कुराहरु उठ्ने गर्छन्, निर्णय हुन्छन् तर कार्यान्वयनमा जाँदैनन् । अघिल्ला वर्षहरुमा जस्तै यसवर्ष पनि जिल्ला विपत् व्यवस्थापन समितिको बैठकका निर्णयमा यी विषय दोहोरिए ।

गर्मी मौसम शुरु भएसँगै आगलागी तथा वन डढेलो, हावाहुरी, चट्याङ, सर्पदंश जस्ता विपत्जन्य घटनाहरु हुने सम्भावनालाई मध्यनजर गर्दै सो बाट बच्न बचाउन तथा नियन्त्रणका लागि विभिन्न काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै जिल्ल विपद व्यवस्थापन समितिले निर्णय गर्दै आएको छ । सामान्यतया गर्मी तथा सुख्खा मौसममा आगलागीका घटना धेरै हुने गर्छन् । गर्मी मौसममा हावाहुरी थपिँदा आगलागीका घटना बढ्ने गरेका छन् । वन जंगलमा फैलिएको डढेलो बस्तीमा सोझिँदा कतिपय ठाउँमा घर, गोठ जलेर खरानी बन्न पुगेका छन् । केही स्थानमा मानवीय कमजोरीका कारण पनि आगलागीका घटना हुने गरेका छन् । आगलागीका घटना बढ्दै जाँदा ठूलो जनधनको क्षति व्यहोर्नुपर्ने बाध्यता छ । आगलागी नियन्त्रणका लागि बस्ती छेउमा पानीको स्रोत नहुनु, दमकल पुग्ने सजिला बाटो नहुँदा पनि आगलागी नियन्त्रणमा लिन कठिन हुने गरेको छ । सानो मानवीय हेलचक्र्याईंले ठूलो क्षति व्यहोर्नु पर्ने अवस्थाको अन्त्यका लागि पूर्व सतर्कताको निकै ठूलो महत्व हुने भए पनि यस्ता लापरवाही धेरै देखिने गरेको छ । आगलागी मानवीय त्रुटिका कारण सिर्जना हुने विपत् हो । यसलाई न्यूनीकरण गर्न जनस्तरमा सचेतनादेखि राज्यस्तरको तयारीसम्ममा विशेष ध्यान पुऱ्याउनुपर्छ । सरकारीस्तरबाट यी कुराहरुमा भइरहेको उदासिनता तत्काल हट्नुपर्छ र ती कुराहरु चुस्त दुरुस्त अवस्थामा राख्न सम्बन्धित निकायले पहल गर्नुपर्छ ।

सम्भावित आगलागीका घटनाहरुलाई न्यून गर्न सरकारले आगलागी र डढेलो सम्बन्धी सचेतनामूलक शिक्षालाई निरन्तररुपमा सञ्चालन गर्नु जरुरी छ । यस्ता घटनाहरुलाई न्यून गर्न र बच्न नागरिक पनि स्वयं बेलैमा सचेत र सर्तक रहनुपर्छ । नागरिकले पनि पूर्वसर्तकता अपनाउने र सरकारले तालिम प्राप्त जनशक्ति र दमकलहरुको संयन्त्रलाई बलियो बनाउँदै आगलागीका घटनाहरुबाट हुने क्षतिलाई न्यून गर्नेतर्फ भूमिका बढाउनु आवश्यक छ । त्यसोतः कानूनमा भएका सवालहरुलाई कडाइका साथ कार्यान्वयन गर्दै त्यस्ता डढेलो लगाउने व्यक्तिहरु पहिचान गरी कडा भन्दा कडा काबराही गर्न सके पनि केही हदसम्म कमी आउन सक्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# महिलालाई अवसर : भाषणमा समान, व्यवहारमा पक्षपात



◆ सीमा बन

नेपालमा महिलाहरू जनसंख्याको अग्रभागमा छन् । तर शिक्षा, रोजगारी, नेतृत्व र आर्थिक अवसरका कुरा आउँदा सधैं पछाडि पारिन्छन् । समाजमा व्याप्त लैंगिक विभेद, संरचनागत असमानता तथा परम्परागत सोचले महिलालाई अवसरमा पछि पार्दै आएको छ । हरेक क्षेत्रमा महिला र पुरूषको समान सहभागिता र पहुँचले समाजलाई गतिशील बनाउँछ । समानता र समताको आधारमा चल्ने समाज उत्कृष्ट हुन्छ । तर हाम्रो देशमा दशकौंदेखि पुरूषको तुलनामा महिलाको संख्या धेरै हुँदा पनि समानता व्यवहार हुनसकेको छैन ।

वैदिककालमा नारी–पुरूष समान रहेका दृष्टान्त भेटिए पनि पछिका समयमा पुरूषको बाह्य महत्व बढ्दै गएको पाइन्छ । अनि, पुरूषवादी चिन्तनले महिलालाई व्यावहारिक रूपमा विभेद गरिरहेको आभास हुन्छ । धर्मशास्त्रले महिला र पुरूषबीच विभेद नगरे पनि धर्मका व्याख्याकारहरूले शास्त्रका नीतिहरूको गलत अर्थ लगाएर विभेदको बीउ छरेको पनि चर्चा/परिचर्चा भेटिन्छ । नारी–पुरुष एकै रथका दुई पांग्रा भन्ने इतिहास भएको मानव सभ्यता नारी–पुरूष समान भूमिकाको सजीव चित्रण हो । इतिहास निर्माणमा महिला–पुरूषको समान स्थान रहे पनि समयक्रमसँगै व्यवहारमा पक्षपात भएको महसुस हुन्छ । किनकि, महिलाको सामाजिक निर्णायक भूमिका प्रायः न्यून देखिन्छ ।

मानवअधिकारको दृष्टिले महिला–पुरूष समान हुन्छन् तर पितृसत्तात्मक संरचनाबाट हालसम्म पनि जकडिएको नेपालको आर्थिक, सामाजिक र राजनीतिक अवस्थाले महिला र पुरूषलाई दिइने फरक मान्यता र व्यवहारका कारण महिला पुरूषभन्दा पछाडि पारिएको स्थिति छ । समानताको परिभाषाबाट हेर्दा यो मानवअधिकार हनन् भएको अवस्था हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको एक तथ्यांक अनुसार पछिल्लो वर्षमा नेपालको जनसंख्या निरन्तर बढिरहेको छ । यद्यपि, पछिल्ला केही दशकलाई हेर्दा यहाँको जनसंख्या विश्वका अन्य विकासोन्मुख देशहरूमा जत्तिको तीव्र रूपमा वृद्धि भएको भने छैन ।

१९६८ सालको जनगणनामा नेपालको कुल जनसंख्या ५६ लाख थियो भने २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० पुगेको छ । जसअनुसार कुल जनसंख्याको ५१.१ प्रतिशत महिला छन् । अर्थात् महिलाको जनसंख्या पुरूषको भन्दा करिब ६ लाखले बढी छ । २०६८ सालको जनगणनामा कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ मध्ये ५१.५ प्रतिशत महिलाको जनसंख्या थियो । २०४८ सालदेखि पछिल्ला चार जनगणनामा पुरूषको तुलनामा महिलाको संख्या बढी छ । प्रदेश तहमा हेर्दा मधेश र बागमती प्रदेशमा महिला–पुरूषको संख्या करिब–करिब बराबर छ । अन्य प्रदेशमा भने महिलाको संख्या पुरूषको तुलनामा ५ प्रतिशतभन्दा बढी छ । नेपालको अर्थतन्त्रको विशेषता भनेको धेरै हदसम्म साना निर्वाहमुखी खेती हुने कृषि अर्थतन्त्र हो । नेपाल श्रमशक्ति सर्वेक्षणका अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६ प्रतिशत छ भने पुरूषको लगभग ५४ प्रतिशत छ । यद्यपि, श्रमशक्तिको परिभाषाले आफ्नै उपभोगका लागि वस्तुको उत्पादन गर्ने कार्यलाई भने समेट्दैन र यही कार्यमा महिलाहरू बढी संलग्न छन् । अनौपचारिक क्षेत्र र विशेषगरी कृषिमा पुरूषको तुलनामा महिलाको संलग्नता संख्या निकै ठूलो छ । संवैधानिक व्यवस्थाका कारण संघीय संसद्मा महिला प्रतिनिधित्व ३४ प्रतिशत पुगेको छ । २०६४ सालमा यो संख्या १२.५ प्रतिशत मात्र रहेको तुलनामा यो उल्लेखनीय वृद्धि हो तर अझै पनि स्थानीय तहको क्रियाशील राजनीतिमा पुरुषको नै वर्चस्व छ ।

पछिल्ला केही दशकमा नेपालमा साक्षरता दर बढेको भए पनि महिलाको साक्षरता दर अझै पनि पुरूषको तुलनामा १७.७ प्रतिशतले कम छ । २०७८ सालमा ८४ प्रतिशत पुरुष र ६९ प्रतिशत महिला साक्षर छन् । त्यस्तै निजामती सेवामा करिब २८ प्रतिशत महिला सहभागी छन् । सम्पत्तिमा महिलाको स्वामित्व अनुपात २०५८ सालमा ९ प्रतिशत रहेकोमा २०७८ मा २४ प्रतिशत पुगेको छ । परम्परागत रूपमा नेपाल पितृसत्तात्मक समाज भएकोले पुरुष नै परिवारमूली हुने गरेका छन् । पछिल्ला वर्षमा महिला परिवारमूली भएका परिवारको संख्या बढ्दै गएको देखिएको त छ तर अधिकांश परिवारमूली महिला विधवा वा आप्रवासीका श्रीमतीमध्ये एउटामा परेको तथ्याङ्कले देखाएको छ ।

यसरी हेर्दा पितृसत्तात्मक सोचले जगडिएको सामाजिक संरचनामा महिलालाई प्रमुख भूमिकामा राख्न परिवार पनि तयार भएका देखिंदैनन् भने औपचारिक क्षेत्रमा आफ्नो पहिचान खोज्ने महिलाहरू समय व्यवस्थापनसँगै सार्वजनिक भूमिका र पारिवारिक भूमिकालाई तादाम्य मिलाएर लैजान निकै संघर्ष गरिरहेका देखिन्छन् । तर यस क्षेत्रले महिलाको भूमिकालाई कम आकलन गरेको दखिन्छ । छोरीलाई जन्ममा नै डिपेन्डेन्ट भिसामा जन्मिएका जातको रूपमा हेर्ने र उसलाई तिमी कमजोर छौ भन्ने मानसिकता लादिन्छ, जसले उनीहरूको आत्मबल कमजोर बनाउँछ । पुरूष शक्तिशाली र महिला कमजोर छ भन्ने सोच विशाक्त पुरूषत्व हो । महिलालाई परिवार र समाजले प्राथमिक रूपमा गृहिणीको भूमिकामा हेर्ने सोचले उनीहरूको व्यक्तिगत तथा व्यावसायिक उन्नतिलाई सीमित गर्छ । नेतृत्व भनेको पुरूषकै जिम्मेवारी हो भन्ने गलत मान्यता अनि राजनीतिक, सामाजिक र आर्थिक विभेद सहितको शोषणको सिकार भएका महिलाले आफ्नो घर, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएको योगदानको व्याख्या गरिरहनु नपर्ला । तर राज्यको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू राज्यको हरेक सुविधा तथा अवसरबाट टाढा हुनु विडम्बना हो ।

वास्तवमा महिलासँग यति धेरै शक्ति हुन्छ, उनीहरूले दुई वटा परिवारको अनुभव र जिम्मेवारी सहर्ष स्वीकार गरी आफ्ना खुशी परिवारमा समर्पित गरेका हुन्छन् । जन्माइ–हुर्काइको फरक भूमिकालाई नयाँ परिवारको फरक जिम्मेवारी सम्हाल्न त्यति सहज पक्कै पनि हुँदैन तर जन्मजात माइन्ड सेट गरेका कारण उनीहरू यसलाई अवसरका रूपमा लिन्छन् । सबैलाई समेटेर लैजान सक्ने गुण भएका कारण महिलाले जिम्मेवारी लिएका क्षेत्रमा व्यवस्थापन राम्रो देखिने विभिन्न अध्ययनले देखाएका छन् । नेपालमा पहिलो पटक धार्मिक गुरू एवं कवयित्री योगमाया न्यौपानेले १९७४ सालमा महिला समिति गठन गरेर महिला अधिकारका सन्दर्भमा आवाज उठाउन सुरू गरेकी थिइन् । जसको जगमा सती प्रथा र दास प्रथाको अन्त्य गर्न तत्कालीन राणाशासक बाध्य भएको इतिहासकारहरूको दाबी छ ।

त्यस्तै, नेपालमा पहिलो पटक २००४ सालमा काठमाडौंका जनतालाई आफ्नो प्रतिनिधि रोज्ने अवसर दिइएको थियो । तर उक्त निर्वाचनमा महिलालाई मतदान गर्ने अधिकार दिइएन । त्यसताका महिलाले मताधिकारका लागि लडेर पनि जितेनन् । तर २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि महिलाले मतदानको अधिकार पाए ।

प्रजातन्त्र स्थापना पश्चात् २०१० साल भदौ १७ गते काठमाडौं नगर पालिकाको निर्वाचन भएको थियो । त्यस निर्वाचनमा महिलाले मतदान मात्रै होइन, उम्मेदवारी समेत दिए । कठामाडौं वडा नं. ८ बाट साधना प्रधान, जसले छोरीले पनि छोरासरह शिक्षाको अधिकार पाउनुपर्छ भन्ने अभियानबाट राजनीतिक यात्रा सुरू गरेकी थिइन्, उनी देशकै पहिलो महिला जनप्रतिनिधि चुनिइन् । यसरी महिलाले भोट दिनु र निर्वाचित हुनु महत्वपूर्ण सुरूआत भयो । तत्पश्चात् २०१५ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा सात जना महिलाले उम्मेदवारी दिएकोमा द्वारिकादेवी ठकुरानी प्रतिनिधिसभा सदस्यमा निर्वाचित बनेकी थिइन् । २०४६ सालको परिवर्तनपछि बनेको नेपालको संविधान २०४७ को धारा ११४ मा प्रतिनिधिसभा निर्वाचनमा दलहरूले कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार बनाउनुपर्ने प्रावधान राखियो । त्यसैगरी, २०७२ सालको संविधानले संघीय र प्रदेश संसद्मा महिलाको कम्तीमा ३३ प्रतिशत सहभागितालाई संवैधानिक दायरामा बाँधेको छ ।

संवैधानिक व्यवस्थाकै कारण राष्ट्रपति र सभामुख महिला बनिसकेका छन् भने स्थानीय तहमा समेत महिलाको सहभागिता सुनिश्चित भई स्थानीय तहमा ४१ प्रतिशत महिला चुनिएका छन् । यसलाई सकारात्मक नै मान्न सकिन्छ । अर्को, राजनीतिक तहमा महिलाको प्रतिनिधित्व धेरैजसो उच्च राजनीतिक तहमा पुगेका परिवारका श्रीमती अथवा छोरी–बुहारीको देखिन्छ । जसका कारण उनीहरू

*बाँकी पेज ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
२०८१ चैत ०४ गते सोमबार, 17 March, 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# एसईई परीक्षा : अभिभावकले बुझ्नैपर्ने पाँच कुरा

नेहा केसी/अनलाइनखबर

गएको वर्ष एसईई परीक्षाको नतिजा प्रकाशित भएपछि मेरी छोरीको प्रतिक्रिया अनपेक्षित थियो। उनले राम्रै अंक ल्याएर उत्तीर्ण गरेकी थिइन् । हाम्रो परिवार खासगरी उनका बाबा, हजुरबा, हजुर आमा अत्यन्तै खुसी थिए । इष्टमित्रबाट बधाई आइरहेको थियो । तर, छोरी दुई दिनसम्म रोइरहिन् ।

उनको यस्तो व्यवहारले हामी खिन्न भयौँ । खुसीको त्यो माहौल कता-कता बिथोलियो । मैले छोरीलाई भनैँ, 'किन रोएकी ? राम्रै अंक आएको छ । तिम्रो प्रगतिमा हामी खुसी छौँ। घरका सबैजना खुसी हुनुहुन्छ ।' तब उनले भक्कानिदै भनेकी थिइन्, 'यतिको अंक त म सजिलै ल्याउन सक्थें। तर मैले अझ राम्रो अंक ल्याउनका लागि धेरै मिहेनत गरेकी थिएँ । रातभर पढेकी थिएँ ।' त्यसक्षण हामीले सान्तवना दिएर उनलाई थमथमाएका थियौँ ।

परीक्षाका बेला उनीहरूले अफूलाई दबाबमा राख्छन् । कसरी राम्रो अंक हासिल गर्ने भन्ने ध्याउन्नमा खान र सुत्न पनि छाड्छन्। त्यसो त आमाबुबा र शिक्षकले पनि उनीहरूमाथि अपेक्षा गर्छन्, राम्रो अंक प्राप्त गरोस् भनी । यस्तो अपेक्षाले समेत बालबालिकाहरू दबावमा पर्छन्। अर्कोतर्फ साथीभाईसँगको प्रतिस्पर्धाले स्वभाविक रूपमा दबाव पैदा हुन्छ । यी दबावहरू सही ढंगले व्यवस्थापन गर्न नसक्दा तनावमा रूपान्तरण हुन्छ। जब कि तनावले सकारात्मक भन्दा बढी नकारात्मक नतिजा दिन्छ । त्यसैले परीक्षाको बेला तनाव लिनु ठीक होइन ।

'मैले परीक्षाको तयारी राम्ररी गरेको छु। तर, अझैपनि ढुक्क छैन। कताकता डर लागिरहेको छ ।' मेरो एक जना विद्यार्थी भन्दै थिए । उनी एसईईको तयारी गर्दैछन्। एसईई परीक्षाको तिथी नजिकिदै गर्दा विद्यार्थीहरूले कुनै न कुनै रूपमा दबाब महसुस गरिरहेको हुनुपर्छ । यही कारण उनीहरू रातभरी पढ्छन् । उत्कृष्ट अंकका लागि निद्रा त्याग्छन् । स्वादले खाँदैनन्, उमंगले खेल्दैनन्। परीक्षाको तनाव र नतिजाको भयले गर्दा उनीहरू शारीरिक एवं मानसिक रूपमा कमजोर हुनसक्छन् ।

यसरी पढाइमा एकोहोरिएका बालबालिकाहरू जब अनपेक्षित नतिजा आउँछ, तब मानसिक रूपले विक्षिप्त हुन पुग्छन्। अपेक्षा गरेभन्दा कम अंक आएमा उनीहरूले अप्रिय निर्णय लिन पनि बेर लगाउँदैनन् । त्यसैले परीक्षालाई हाउगुजी बनाउनु आफैँमा जोखिमपूर्ण हो। यसलाई एक सामान्य प्रक्रियाको रूपमा बुझ्नु, बुझाउनुपर्छ। यसका लागि अभिभावकको जिम्मेवारी अहम् हुन्छ ।

परीक्षाका बेला अभिभावकले के गर्ने ? कसरी बालबालिकालाई सहयोग गर्ने ? कसरी उनीहरूलाई सहज र सरल बनाउने ? कसरी उनीहरूलाई बिनादबाब पठनपाठनमा सरिक गराउने ? थाहा हुनुपर्छ। एसईईको बेला बालबालिकाले शारीरिक र मानसिक दुबै किसिमको दबाव झेल्नुपर्छ । यस आलेखमा शिक्षको दृष्टिकोणबाट ती चुनौतीबारे चर्चा गर्दै अभिभावकले कसरी आफ्नो बालबालिकालाई सन्तुलित रूपमा सहयोग गर्न सक्छन् भन्ने सुझाव प्रस्तुत गरिएको छ ।



### १. सामाजिक सञ्जालको प्रभाव:

अहिलेका किशोर पुस्ता सामाजिक सञ्जालसँग एकाकार छन् । उनीहरूको जीवनशैलीसँग यो अभिन्न रूपमा जोडिएको छ। त्यसैले उनीहरू धेरैजसो समय सामाजिक सञ्जालमा बिताउँछन् । यसको सकारात्मक र नकारात्मक दुवै पक्ष छन् ।

यद्यपि कतिपय अवस्थामा यस्ता प्लेटफर्मले उनीहरूको मनोबल कमजोर बनाउने जोखिम रहन्छ । जस्तो कि फेसबुक, ट्वीटर, इन्टाग्रामजस्ता प्लेटफर्ममा साथीभाइलाई देखेर आफूसँग तुलना गर्न थाल्छन्। यसले गर्दा उनीहरू साथीभाइको लहलहैमा लाग्ने मात्र होइन, आत्माविश्वासमा ठेस पुग्ने पनि हुनसक्छ । यसले स्वभाविक रूपमा मानसिक तनाव पैदा गर्ने नै भयो ।

**सुझाव:**

अभिभावकले आफ्ना बालबालिकासँग सामाजिक सञ्जालको प्रभाव र प्रवृत्तिबारे खुलेर कुराकानी गर्न जरूरी छ । उनीहरूलाई वास्तविक जीवन र डिजिटल संसार फरक हुन्छ भनी बुझाउनुपर्छ ।

### २. निद्रा अभाव र मानसिक थकान:

हामीकहाँ के भनाइ छ भने 'परीक्षाका बेला टुप्पी बाँधेर वा घुँडा धसेर पढ्नुपर्छ ।' खासमा यो तरिका ठीक होइन । परीक्षा नजिकिएसँगै विद्यार्थीहरू रातभर पढ्छन् । धेरै समय पढ्दैमा वा पढाइमा एकोहोरो लाग्दैमा ज्ञान आर्जन हुन्छ भन्ने होइन। बरू यसले मस्तिष्कलाई बढी दबाबमा राख्छ र पढेका कुराहरू संग्रहित हुन पाउँदैन। अर्कोतिर स्वास्थ्यमा सोझो असर गर्छ । अनिद्रा र तनावले गर्दा उनीहरू मानसिक, शारीरिक रूपमा कमजोर हुन सक्छन् ।

**सुझाव:**

कुनै पनि कुरालाई ग्रहण गर्ने मस्तिष्कको आफ्नै तरिका र संयन्त्र हुन्छ। खासगरी सहज ढंगले, तनावमुक्त भएर पढेका कुरालाई स्मरण गर्न र मन्थन गर्न सकिन्छ । यसका लागि बेला-बेला आरम गर्ने, मनोरञ्जन गर्ने, व्यायाम गर्ने समय पनि निकाल्नुपर्छ ।

### ३. सन्तुलित अहार:

तपाईंलाई लाग्न सक्छ, खाना र परीक्षाको के सम्बन्ध होला र ? जब कि खानाले मस्तिष्कको कार्य सञ्चालन गर्न र शारीरिक स्वास्थ्यमा अत्यान्तै महत्वपूर्ण भूमिका खेल्छ ।

दुःखलाग्दो कुरा चाहिँ के भने परीक्षाका बेला बालबालिकाले राम्ररी खाना खाँदैनन् । उनीहरूलाई हतार र तनाव हुन्छ । यसले गर्दा खानामा अरूची हुन्छ । अक्सर उनीहरू झटपट तयार हुने र हतारमा खान सकिने खानेकुरा खाइरहेका हुन्छन् जुन स्वस्थ्यवर्द्धक नहुन सक्छ ।

**सुझाव:**

शरीर जति स्वस्थ र तन्दुरूस्त हुन्छ मस्तिष्कको कार्य संचालन पनि उत्तिकै राम्रो हुन्छ। शरीर निरोगी, फुर्तिलो र उर्जावान भएमा पढेका कुरा सहजरूपमा ग्रहण गर्न सकिन्छ । अतः शरीरलाई तन्दुरूस्त र स्वस्थ राख्नका लागि खानाको मूख्य भूमिका हुन्छ । यसका निम्ति ताजा, पोषिलो र सन्तुलित खानेकुरा दिनुपर्छ । खानाको समय तालिका मिलाउनुपर्छ। यतिबेला जंकफुड वा फास्टफुड कटौती गरेर आफ्नै भान्सामा पाकेको ताजा खानेकुरा दिनुपर्छ ।

### ४. मानसिक तनाव र डिप्रेसन:

हरेक विद्यार्थीको रूची, क्षमता फरक हुन्छ। तर हामी उनीहरूलाई यति अंक हासिल गर्नैपर्छ भन्ने किसिमले दबाब दिइरहेका हुन्छौँ । साथै उनीहरूको साथीभाइसँग तुलना गरिरहेका हुन्छौं । छिमेकी एवं इष्टमित्रबाट पनि परोक्षरूपमा उनीहरूले दबाव महसुस गर्छन्। कतिपय अवस्थामा उनीहरूले के ठान्छन् भने मेरो लागि बुझिदिने कोही छैनन्। यसले उनीहरूलाई मानसिक रूपमा कमजोर बनाउन सक्छ र डिप्रेसनको स्थितीमा पुर्‍याउन सक्छ ।

**सुझाव:**

उनीहरूलाई दबाब दिनु जरूरी छैन । बरू सहज रूपले पठनपाठनको वातावरण बनाइदिनुपर्छ। अरूसँग तुलना गर्ने वा आफ्नो अपेक्षा लाद्ने गल्ती गर्नु हुँदैन। पढाइ वा परीक्षालाई दबाब होइन सिर्जनात्मक बनाउन प्रेरित गर्नुपर्छ ।

### ५. साथीसँगको ढबाब:

यो उमेरमा उनीहरू साथीभाइको संगत र प्रभावमा हुन्छन्। साथीभाइको लहलहैमा लाग्ने मात्र होइन उनीहरूसँग होडबाजी पनि गरिरहेका हुन्छन्। स्वस्थ प्रतिस्पर्धाले सकारात्मक नतिजा दिन्छ । यद्यपि कहिलेकाहीँ यसले अनावश्यक दबाब पैदा गर्न सक्छ ।

**सुझाव:**

अभिभावकले किशोर उमेरका छोराछोरीलाई मित्रवत् व्यवहार गर्नुपर्छ। उनीहरूको भावना र इच्छालाई बुझ्ने प्रयास गर्नुपर्छ। उनीहरूलाई आत्मविश्वासी बनाउन सहयोग गर्नुपर्छ ।

खाएको छ कि सफलताको परिभाषा अंक मात्र होइन, मानसिक स्वास्थ्य, आत्मसन्तुष्टि र सन्तुलित सिकाइ हो ।

## महिलालाई अवसर: ... ..

महिलाका आवाजभन्दा पनि उनै पुरूषका आवाज बनेको अथवा पुरूषका निर्णयमा ताली बजाउने सारथिका रूपमा देखिन्छन् ।

तथापि, क्षमता र संघर्षका कारण विगतको तुलनामा पछिल्लो समय निर्णायक तहमा महिला पुगेको सत्यलाई स्वीकार्नै पर्छ । प्रशासनतर्फ महिला मुख्यसचिव र न्यायतर्फ महिला प्रधानन्यायाधीश समेत बनिसकेको र राजनीतिक वृत्तमा समेत केही महिलाले गलत प्रवृत्ति विरूद्ध आवाज बुलन्द गर्न सक्ने हिम्मत जुटाएका देखिन्छन् । यसरी हेर्दा केही महिलाले आफूलाई रोल मोडलको रूपमा उभ्याएका समेत छन् । आशाको मधुर दीप जलाउँदै सम्भावनाका कठिन यात्रामा अगाडि हिंड्न विभेद, दमन र कुचेष्टाको जन्जिर चुँडाल्दै अधिकार र स्वतन्त्र विचार पोख्न कसैको आदेश लिइरहनुपर्दैन भन्ने अनुकरणीय उदाहरण बन्न केही हदसम्म महिला सफल भएका पनि छन् ।

समान अवसर, शिक्षा, स्वास्थ्य तथा निर्णय प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित नगरी दिगो विकास सम्भव छैन । तर महिलाले भेदभाव, हिंसा र अवसरको अभावको सामना गरिरहेकै छन्। लैंगिक समानता भनेको पुरूष र महिला बीचको प्रतिस्पर्धा होइन, बरू समान अवसरको सुनिश्चितता हो। जब महिला शिक्षित, आत्मनिर्भर र सुरक्षित हुन्छन् तब बालबालिकाले पनि सुरक्षित भविष्य प्राप्त गर्न सक्छन् ।

तसर्थ, 'समृद्ध नेपाल सुखी नेपाली'को परिकल्पनालाई सार्थक बनाई राज्यको समतामूलक दिगो विकासका लागि जनसंख्याको अधिकांश संख्या ओगटेका महिलालाई शिक्षा, रोजगारी तथा नेतृत्व भूमिकामा अघि बढ्ने वातावरण बनाउनुपर्छ। यसका लागि नीतिनिर्माता, परिवार र समाज सबै उत्तरदायी बन्न जरूरी छ ।




थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-६ सम्पर्क नं. ९८०६७५३३००

# थाहानगरको शङ्खमूल परिसरमा 'मोक्ष धाम' बनाउन घट्टेचौरमा छलफल

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ स्थित शंखमूलमा मोक्ष धाम निर्माण गर्ने विषयमा छलफल भएको छ। हिमवत खण्डमा उल्लेख भए अनुसार विश्वकै प्रसिद्ध शंखमूल परिसरमा धाम निर्माण गर्नका लागि तरकारी संकलन केन्द्र घट्टेचौरमा २८ फागुनमा वृहत छलफल भएको हो। छलफल कार्यक्रम थाहा नगरपालिकाको आयोजनामा गरिएको पालिकाका प्रवक्ता हिरेन्द्र कुमार रायमाझीले जानकारी दिए।



बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको विशेष उपस्थितीमा भएको छलफल कार्यक्रममा मठाधीस अनन्त श्रीविभूषित स्वामी श्रीचतुर्जुजाचार्य चूडामणिजी महाराजले थाहानगरको शंखमूलको इष्ट मोक्ष नारायण भएको उल्लेख गर्दै मोक्ष धाम निर्माण गर्नु धार्मिक दृष्टिकोणले उपयूक्त हुने सुझाए। चूडामणि महाराजले धार्मिक ग्रन्थहरूको आधारमा थाहाको शंखमूल विश्वकै पवित्र भूमि भएको सबैका सामू प्रष्ट पार्दै भने– 'हिमवत खण्डको अध्याय ११२ मा यो शंखमूलको विषयमा स्पष्ट उल्लेख गरिएको छ, यो भन्दा ठूलो प्रमाण के चाहियो ?' सो अध्यायमा शंखमूल कसरी भयो, यसका आसपास अरू पवित्र धार्मिक स्थल के के छन ? सबै बेलीविस्तार लगाइएको मठाधीस अनन्त श्रीविभूषित स्वामीले सबैलाई सुनाए।

छलफल कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले थाहा नगरपालिका धाम निर्माणका लागि अघि सरे प्रदेश सरकारले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। विकासमा सहलगानीको अवधारणा अनुसार अघि बढ्ने लामाले जानकारी गराए। 'स्थानीय सरकारले थोरै नै किन नहोस् बजेट विनियोजन गरोस्, प्रदेश सरकारले सक्दोको बजेटको व्यवस्था गर्छ'– मुख्यमन्त्री लामाले भने,–'साँझेदारीले विकास आयोजनाहरूमा आफ्नोपन ल्याउँछ र, त्यो दीगो पनि हुन्छ।'

थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख विष्णुबहादुर विष्टले चूडामणि महाराजले शंखमूलको धार्मिक महत्वबारे प्रमाणमा आधारित भएर बताएपछि ऐतिहासिक सम्पदा संरक्षण र नयाँ योजनासहितको धार्मिक पूर्वाधार विकासमा अगाडि बढ्न सहज भएको उल्लेख गरे। शंखमूल बारे आफूले सुनेका कुरा प्रमाणकै रूपमा पाउँदा निर्धक्कताको महसुस भएको विष्टले सुनाए।

शंखमूललाई धार्मिक क्षेत्रको रूपमा विकास गर्न संघ, प्रदेश सरकारको साथै मनकारी दताहरूको समेत लगानीको अपेक्षा गरे। शंखमूललाई धार्मिक क्षेत्रको रूपमा विकास गर्नका लागि पालिकाको पहलमा केही कामहरू भैरहेको बताए। 'पालिकासंग थोरै बजेट हुन्छ, विकासका काममा छेउ पनि पुग्दैन, त्यसैले मुख्यमन्त्रीसंग पनि सहयोगको अपेक्षा गरेका छौं', प्रमुख विष्टले भने 'संघीय सरकार र अन्य दाताहरूको पनि सहयोगको अपेक्षा गर्दछौं।' पवित्र स्थल शंखमूलको विकासका लागि सरकार र समुदाय सबै एक हुनुपर्ने प्रमुख विष्टको भनाइ थियो।

थाहा नगरपालिका नगर कार्यपालिकाका उपप्रमुख भरत गोपालीले शंखमूलको धार्मिक दस्तावेजको प्रमाणित आधारहरू खोजी गर्ने क्रममा मठाधीश श्रीचतुर्भुजाचार्य चूडामणि समक्ष पुगेको उल्लेख गरे। उपप्रमुख गोपालीले शंखमूलमा पूर्वाधार विकाससँगै धार्मिक पर्यटक भित्र्याउन ठूलो योगदान पुग्ने बताए। शंखमूलसँग धार्मिक महत्व जोडिएको नजिकै रहेका ऐतिहासिक पाण्डुकेश्वर मन्दिर भद्रतीर्थको पनि विकास गरिने गोपालीले उल्लेख गरे। शंखमूलको वृहत विकासका लागि विस्तृत परियोजना प्रस्ताव तयार हुँदै गरेको बताउँदै गोपालीले मन्दिर, पुष्पबाटिका, किरियापुत्री घर, मोक्ष नारायणको मन्दिर, गौशाला भद्र तिर्थ, एकसय आठ शंख धारासहित धर्मशालालगायतका पूर्वाधार निर्माण गर्ने योजना रहेको जानकारी दिए। शंखमूल क्षेत्रको ऐतिहासिक सम्पदा संरक्षण र नयाँ पूर्वाधार विकासमा नगरपालिका अग्रसर रहेको गोपालीको भनाइ थियो।

कार्यक्रममा नेकपा एमालेका थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले विकासमा सबै पक्षको एकमतता भए आँटेका काम संभव हुने बताए। शंखमूल क्षेत्रको धार्मिक महत्वको प्रचार र पूर्वाधार निर्माण गर्न सके यहाँको पर्यटन प्रवर्द्धनमा टेवा मिल्ने उल्लेख गरे। थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीले वडाको गौरबको योजनाको रूपमा अघि सार्दै गर`को भए पनि बजेट अभावमा सपना सपनामै सीमित रहेको सुनाए। अध्यक्ष रायमाझीले भने,–'प्रदेश र संघीय सरकारले ऐतिहासिक क्षेत्रमा सम्पदा निर्माणका लागि सहयोग गरिदिन पर्यो।'

कार्यक्रममा थाहा नगरपालिका नगर कार्यपालिकाका पूर्व नगर उपप्रमुख खड्ग गोपाली, नेकपा माओवादी केन्द्रका अरूण रायमाझी, थाहा २ का पूर्व वडाध्यक्ष गुप्त बहादुर कार्की, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# घर बनाउँदा सेडब्याक कायम गर्न पालिकाको अनुरोध

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र रहेका सडक सञ्जाल अन्तरगत सडक क्षेत्राधिकारभित्र सेडव्याक कायम नगरी कुनै पनि घर, टहरा नबाउन आग्रह गरेको छ। घर टहराजस्ता संरचना निर्माण भएको देखिन आएकाले गाउँपालिकाले सूचना जारी गर्दै सडक क्षेत्रमा घरटहरा निर्माण कार्य रोक्न आग्रह गरेको हो।

गाउँपालिकाको स्वीकृत सडक यातायात गुरूयोजना (एमटिएमपी) तथा वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०८० बमोजिम निर्माणकार्य रोक्न लगाइएको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए।

मापदण्डमा सडक क्षेत्रबाट दायाँबायाँ ३/३ मिटरको सेडव्याक कायम रहेकोले सोही अनुरूप क्षेत्र छुट्याएर निर्माणकार्य गर्नुपर्ने अध्यक्ष मुक्तानले बताए। गाउँपालिकाले जुन मापदण्ड तय गरेको छ सोही अनुरूप नागरिकले मापदण्ड पालना गर्नुपर्नेछ, उनले भने।

## थाहा नगरपालिका
### विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर

## अत्यन्त जरुरी सूचना !

**आगो एक असल नोकर हो भने खराब मालिक। आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ। हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ। यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ। सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ। आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो। त्यसैले सावधान रहौ।**

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं। आगो बाल्दा होसियार रहौं आगोको काम सकिएपछि राम्ररी निभाऔं।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाहरुबाट टाढा र सुरक्षित स्थानमा राखौं।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, म ीतेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं।
६) वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर (कसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरुलाई हटाई सफा राखौं।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं। आकस्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं।
(८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं। आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं।

**विपद हटलाइन नम्बर:**
**५७०४१२५७५७ र ५७६७५७०५००**

# पालुङ क्यापसमा स्ववियू निर्वाचनको तयारी

◆ विकास संवाददाता

५ चैत्रमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनका हुँदैछ। यसका लागि मकवानपुरको उत्तरी क्षेत्रकै एक मात्र पालुङ क्याम्पसले उमेद्वारको अन्तिम नामावली प्रकाशन गरिसकेका छन्।

२९ फागुनमा प्रकाशित अन्तिम नामावली अनुसार दुई वटा प्यानलमा उमेद्वारी दर्ता गराएको निर्वाचन अधिकृत कुमार नेगीका बताए।

समानुपातिकतर्फ सिंहदरबारकै गठबन्धन खडा भएको छ। अर्थात् एमालेको विद्यार्थी संगठन अनेरास्ववियू र काँग्रेसको विद्यार्थी संगठन नेवि संघको संयुक्त प्यानल बनाएर अध्यक्षसहित चार जनाको उमेद्वारी दर्ता भएको छ। यस प्यानलमा अध्यक्षमा रोशनी गोपाली, सचिवमा आयाम नापित, कोषाध्यक्षमा नविना अधिकारी र सदस्यमा नविका धमालको उमेद्वारी परेको छ।

त्यसैगरी रूबिना खत्रीले अखिल क्रान्तिकारी र अखिल छैठौंको संयुक्त प्यानलबाट अध्यक्ष पदमा उमेद्वारी दिएकी छिन्। उनको प्यानलबाट सचिवमा समीक्षा विष्ट, कोषाध्यक्षमा स्वस्तिका सुवेदी लगायतका उमेद्वार छन्।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

–

# थाहामा हावाहुरीले ९९ घरगोठमा क्षती, प्राविधिकहरु इस्टिमेटका लागि परिचालन



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले हावाहुरीले घर र गोठको छाना उडाएकाहरूलाई पुनः छाना लगाउनका लागि बढीमा प्रतिघर ३० हजार रूपैयाँ राहतस्वरूप रकम उपलब्ध गराउने भएको छ । थाहानगर विपद व्यवस्थापन समितिको १ चैत्रको बैठकले तत्कालैका लागि पीडितहरूलाई त्रिपाल उपलब्ध गराएको छ । नगरपालिका र नेपाल रेडक्रस सोसाइटी उपशाखा दामनको समन्वयमा पीडितहरूलाई त्रिपाल वितरण गरिएको सभापति मनश्याम बस्नेतले जानकारी दिए ।

निजी भवनतर्फका प्राविधिक शाखाका प्राविधिकहरू घर/घरमा पुगेर स्टमेट गरेको आधारमा बढीमा प्रतिघर ३० हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको विपद व्यवस्थापन समितिका अध्यक्ष एवं थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले बताए । 'आइतबारसम्म प्राविधिक टोलीले प्रतिवेदन विपद व्यवस्थापन समितिलाई पेस गर्ने छन् । त्यसपछि लगत्तै विपद व्यवस्थापन समितिले राहत रकम उपलब्ध गराइने छ,'–नगर प्रमुख विष्टले भने ।

पशु र कृषि शाखाका प्राविधिकहरूले पनि स्थलगत अध्ययन गरेर आइतबार भित्र समितिमा प्रतिवेदन पेस गर्न विपद व्यवस्थापन समितिले निर्णय गरेको थाहा नगरपालिका सूचना अधिकारी सुरजकुमार भुजेलले बताए । हावाहुरीले विद्युत्का पोलहरू ढालेको छ ।

थाहामा २९ फागुन बेलुका हावाहुरी चल्दा तीन वटा वडाका ९९ वटा घरगोठका छाना उडाउनुका साथै दर्जनौं तरकारीका प्लास्टिकका टनेलहरूलाई क्षति पुऱ्याएको छ । हावाहुरीले थाहा–३ मा ५१ वटा घर र ७ वटा गोठका छानाहरू उडाएको छ । ४ नम्बर वडाको २५ वटा घर र ६ वटा गोठका छानाहरू २९ फागुनमा आएको हुरी बतासले उडाएको छ । ५ नम्बर वडाको १० घरको छाना हावाहुरीले उडाएको थाहा नगरपालिकाका प्रवक्ता हिरेन्द्र कुमार रायमाझीले जानकारी दिए ।

'थाहा नगरपालिका–३ मा निर्माणाधीन शितभण्डारको छाना पनि उडाएको छ,' स्थानीयवासी सुदर्शन विष्टले भने । थाहाले तत्कालका लागि हावाहुरीले छाना उडाएका घरधनीहरूलाई त्रिपाल पनि राहत स्वरूप उपलब्ध गराएको छ । 'हावाहुरीले तरकारीका टनेलहरूलाई क्षति पुऱ्याएको छ, त्यसको एकिन विवरण आइपुगेको छैन,' सूचना अधिकारी भुजेलले भने, 'टोली क्षतिग्रस्त क्षेत्रमा पुगेपछि त्यसको एकिन विवरण आउने छ ।'

२९ फागुन बेलुका साढे ६ बजेतिर पानीसँगै आएको हावाहुरीले घर्तिखोला भैरव मन्दिर माथि क्षेत्रका अधिकांश जस्तापाताको छाना भएका घरहरूको छाना उडाएको छ । थाहा–३ र ४ नम्बर वडाको अधिकांश बस्तीमा २९ फागुन बेलुकादेखि अवरूद्ध विद्युत् सेवा हाल सुचारू भएको छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# पालुङ जेसिजका पदाअधिकारीलाई तालिम

◆ विकास संवाददाता

पालुङ जेसिज वर्ष २०२५ का पदाअधिकारी तथा मनोनितहरूका लागि एकदिने तालिम दिइएको छ । डाँडाघरे बा को होमस्टे थाहा–२ फाँटबजारमा आयोजित तालिम २६ फागुनमा सञ्चालन भएको थियो ।

पालुङ जेसिज वर्ष २०२५ की उपाध्यक्ष रोशनी गोपालीको संयोजकत्वमा भएको तालिमका सहभागीहरूलाई कार्यकारीणी उपाध्यक्ष स्मिता विष्टले स्वागत गरेकी थिइन् । तालिममा पालुङ जेसिज वर्ष २०२५ का अध्यक्ष माधव कार्कीको सभाध्यक्ष तथा संस्थापक अध्यक्ष पुरूषोत्तम ढकालको प्रमुख आतिथ्यतामा भएको तालिममा सबै पदाअधिकारी तथा मनोनित सदस्यहरू गरी २० जनाको सहभागिता रहेको थियो ।

सहभागीहरूलाई पालुङ जेसीजका पूर्व अध्यक्षहरू राम प्रसाद ढकाल र कुमार नेगीले प्रशिक्षण दिएका थिए ।

# दुई स्थानीय तहका ... ... .. .

उल्लेख गरिएको छ ।

थाहा नगरपालिको कार्यसम्पादन सूचक मार्फत ६० लाख अनुदान पाउने भएको हो । चालु आर्थिक वर्षमा पनि सबैभन्दा बढि हेटौंडा उपमहानगर र थाहानगरले सबैभन्दा बढि ५२/५२ लाख रूपैयाँ समानीकरण अनुदान पाएका थिए । दोस्रोमा मनहरी र मकवानपुरगढी गाउँपालिकाले ५७/५७ लाख रूपैयाँ पाउने भएका छन् । कैलाश गाउँपालिकाले ५६ लाख पाउने भएको छ ।

त्यसैगरी राक्सिराङले ५४ लाख, इन्द्रसरोवरले ४८ लाख, हेटौंडा उपमहानगरपालिकाले ५३ लाख, भीमफेदीले ४३ लाख, बकैयाले ३९ लाख र बागमती गाउँपालिकाले ५१ लाख रूपैयाँ कार्यसम्पादन सूचकमा अनुदान पाउने वित्त आयोगको सिफारिसमा उल्लेख छ ।

### यी हुन् वित्तीय समानीकरण अनुदान सिफारिसका आधार

वित्तीय समानीकरण निःसर्त अनुदान हो । जसलाई तल्लो तहको सरकारले सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको बजेट तथा कार्यक्रममा खर्च गर्न सक्छन् । राष्ट्रिय योजना आयोगका सदस्य जुद्धबहादुर गुरूङले यस वर्ष वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा लिइने आधारमा केही परिवर्तन गरिएको बताए । यसले अनुदान वितरणलाई अझ वैज्ञानिक बनाएको उनको भनाइ छ ।

यस वर्ष ३ स्थानीय तहको अनुदान गत वर्षकै हाराहारी, ४ सय ५० हाराहारी स्थानीय तहको अनुदान बढेको र ३ सय हाराहारी स्थानीय तहको अनुदान घटेको देखिएको उनले जानकारी दिए । 'हरेक ५/६ वर्षमा आधारहरू परिमार्जन गर्नुपर्ने नियम अनुसार यस वर्ष ती आधार परिवर्तन गरिएको छ,' गुरूङले भने । आयोगले हरेक स्थानीय तहले कम्तीमा ६ करोड ५० लाख पाउने गरी सिफारिस गरेको जनाएको छ । आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा विभिन्न तीन आधारलाई मान्यता दिने गर्छ । जसमा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्य सम्पादन मूल्यांकनका आधारमा पाउने अनुदानको छुट्टाछुट्टै गणना गरी स्थानीय तथा प्रदेशले पाउने अनुदान हिस्सा निकाल्ने गरिन्छ । यसरी गणना गर्दा २१ स्थानीय तहले न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदानबाट ६ करोड ५० लाख रूपैयाँभन्दा कम पाउने अवस्था देखिएको थियो । यसले स्थानीय सरकारको संविधानप्रदत्त कार्य जिम्मेवारी न्यूनतम रूपमा पूरा गर्न पर्याप्त नहुने ठहर गर्दै आयोगले महानगरपालिकाहरूको सूत्रबापत रकममा ५.३८ प्रतिशतले हुने आउने रकम कट्टा गरी उक्त रकम २१ स्थानीय सरकारको अनुदानमा थप गरी न्यूनतम ६ करोड ५० लाख नै पाउने अवस्था बनाइएको समेत आयोगले जनाएको छ ।

यसपालि आयोगले १० हजारभन्दा कम जनसंख्या भएका स्थानीय तहमा न्यूनतम १ करोड ७५ लाख अनुदान पाउने गरी सिफारिस गरेको छ । ७ सय ५३ स्थानीय सरकारमा न्यूनतम ३० अर्ब ८३ करोड रूपैयाँ वित्तीय समानीकरण अनुदान जाने गरी सिफारिस गरिएको छ । जुन कुल वित्तीय समानीकरण अनुदानको ३४.६५ प्रतिशत हो । स्थानीय सरकारले जनसंख्याका आधारमा पाउने न्यूनतम समानीकरण अनुदान परिमाण र भूगोलका आधारमा प्राप्त गर्ने न्यूनतम अनुदान जोडेर कुल न्यूनतम अनुदान हिस्सा निकालिएको हो ।

उता, सूत्रमा आधारित अनुदानतर्फ प्रदेश तथा स्थानीय सरकारमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांकलाई आधार लिने गरिन्छ । अन्य प्रदेश वा स्थानीय सरकारहरूको सन्तुलित विकासको अवस्था, प्रदेश र स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था, पूर्वाधार विकासको अवस्था र आवश्यकता, जनतालाई पुऱ्याउनुपर्ने सेवा, राजस्व अवस्था र उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई आधार मानिएको छ ।

कार्यसम्पादन मूल्यांकनतर्फ भने सरकारले प्रदेशका लागि ११ र स्थानीय तहको कार्य सम्पादन मूल्यांकनका लागि १७ सूचक तय गरी अंकभार निर्धारण गर्ने गरिन्छ । कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुन आउने र कम कार्य सम्पादन मूल्यांकनका लागि दिने गरिएको छ ।



# चन्द्रागिरि हिल्स तगारो राखेर रजगज गर्दै

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको वडा नम्बर ९ र काठमाडौंको चन्द्रागिरि नगरपालिकाको सिमानामा रहेको भालेश्वर महादेवको दर्शन गर्न जाने पैदलयात्रीसँग चन्द्रागिरि हिल्सले कर असुली गर्दै आएको छ ।

राष्ट्रिय वनभित्र रहेको पैदलमार्गमा चन्द्रागिरि हिल्सले यात्रीसँग प्रतिव्यक्ति एक सय रुपियाँका दरले रकम असुली गर्दै आएको हो । मकवानपुर, चित्लाङको वनक्षेत्रमा पर्ने धार्मिक र ऐतिहासिक मन्दिर मा पुग्ने पैदलयात्रीसँग प्रवेश पास बापत रकम असुली गरिँदै आएको हो । यहाँको पैदलमार्ग हुँदै आवतजावत गर्ने यात्रीले गरेको फोहोर व्यवस्थापन र वातावरण संरक्षणका लागि भन्दै राष्ट्रिय वनको बिचमा चेक पोस्ट राखेर पैसा असुली गर्ने गरिएको हो ।

स्थानीय सरकारको कर संकलनको अधिकार क्षेत्र भित्र पर्ने, फोहोर व्यवस्थापन, वातावरण शुल्क तथा प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रमा पर्ने पदयात्रा गरेको समेत चन्द्रागिरि हिल्सले कर संकलन गरिरहेको पाइएको छ । मकवानपुरको थाहा नगरपालिका-९ का वडाध्यक्ष राजकुमार बलामीले चन्द्रागिरि हिल्सले वनभित्र रोकेर पैदलयात्रीसँग पैसा असुल्ने कार्य गलत भएको बताए । यसअघि पनि पैसा असुलेको थाहा भएपछि रोकिएको थियो, अहिले फेरि पैसा असुल्नु गलत रहेको उनको भनाइ छ । "आस्था र धार्मिक विश्वासका साथ महादेवको मन्दिरमा जाने पैदलयात्रीसँग जंगलको बिचमा चेक पोस्ट राखेर पैसा उठाउनु गलत हो, यो रोकिनु पर्छ, म कार्यपालिका बैठकमा यो विषय उठाउँछु," वडाध्यक्ष बलामीले भने ।

त्यस्तै चन्द्रागिरि नगरपालिकाका प्रवक्ता एवं ४ नम्बर वडाध्यक्ष कृष्णप्रसाद खड्गीले वनभित्र पैसा असुल्न नपाइने बताए । मन्दिर जाने ठाउँमा रोकेर पैसा असुल्नु गलत भएको उनले स्पष्ट पारे । थानकोट, चित्लाङ र मार्खु आसपासका बासिन्दा उहिल्यैदेखि हिन्दु धार्मिक मान्यता अनुसार भालेश्वर महादेवको पूजा गर्न चन्द्रागिरि जाने गरेका छन् ।

चन्द्रागिरिबाट काठमाडौं उपत्यका नियालेपछि पृथ्वीनारायण शाह नेपाल एकीकरणमा उत्प्रेरित भएको ऐतिहासिक सन्दर्भ पनि छ । काठमाडौं उपत्यकामा चढाइँ गर्नुअघि उनले भालेश्वर मन्दिरमा पूजापाठ गरेको भनाइ छ । चन्द्रागिरि स्थित पुजा गर्दै आएको मन्दिर नजिकै परम्परागन भालेश्वर मन्दिर रहेको र उक्त मन्दिरलाई ओझेलमा नपार्न स्थानीयहरूले अनुरोध समेत गरेका छन् ।

# भीमफेदीको जुरीखेतका किसान गाजरबाटै आम्दानी लिँदै

◆ विकास संवाददाता




हेटौंडा-काठमाडौं सडकखण्डको भीमफेदीका किसानले गाँजर बिक्री गरेर मासिक लाखौं आम्दानी गर्न सफल भएका छन् । मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरिखेतका किसानले गाजर बिक्री गरेर आम्दानी गरेका हुन् । हेटौंडाबाट काठमाडौं जाने र काठमाडौंबाट हेटौंडा आउने क्रममा मकवानपुरको भीमफेदीस्थित जुरिखेत क्षेत्रमा आधा दर्जन बढी ठाउँबाट गाजर बिक्री हुँदै आएको छ ।

यहाँका किसानले उत्पादन गरेको गाजर यो रुट हुँदै आवत-जावत गर्ने यात्रुले खरिद गर्ने गरेका छन् । ७ वर्ष जेसिभी चालकका रूपमा काम गरेका भीमफेदी-६ जुरिखेतका अर्जुन थापा अहिले कृषि कर्ममा लागेका छन् । परिवार मिलेर तरकारी तथा गाजर खेती गरेर जुरिखेतमा बिक्री गर्दै आएका छन् । यहाँका ४० घरधुरीले व्यावसायिक रूपमै गाजर खेती गर्दै आएका छन् । यो रुट हुँदै चल्ने सुमो, मोटरसाइकल, कार, बसलगायतका सवारी साधनमा यात्रा गर्ने यात्रुहरूले यहाँबाट गाजर र तरकारी लैजाने गरेका छन् । यहाँ गाजर र गाजरको जुस खाने यात्रुहरूको बाक्लो उपस्थिति रहने गरेको छ ।

यो सडक सञ्जाल हुँदै संघीय राजधानी जाने यात्रुले स्थानीयस्तरमै उत्पादन भएको तरकारी र गाजर खरिद गर्ने गरेको थापाले बताए । 'यो क्षेत्रमा ४० घरधुरी छौं, हामी सबैले गाजर र तरकारी खेती लगाएका छौं, सबैले आलोपालो गरेर पाँच स्थानको बिक्री केन्द्रमार्फत यहाँको उपज बिक्री गर्छौं'- उनले भने । थापाले आफ्नो पालोमा महिनामा पाँच दिन तरकारी र गाजर बिक्री गर्ने गरेको बताए । उनले दैनिक ३०० किलो गाजर बिक्री गर्दै आएका छन् । उनले गाजर बिक्रेर मात्र साढे तीन लाखको आम्दानी गरेको सुनाए । बारीको साना-साना पाटा भएकाले यहाँका किसानले गोरूको प्रयोग गरेर खेत जोत्ने गरेका छन् ।

जेठ र असारमा यहाँको गाजर काठमाडौंमा बिक्रीका लागि पठाउने गरिएको छ भने अन्य समयमा हेटौंडा-भीमफेदी-काठमाडौं रुटमा चल्ने सवारीका यात्रुले यहाँको गाजर खरिद गर्ने गरेका छन् । गाजरसहित यहाँका किसानले काउली, बन्दा, सेतो मुला, आलु, केराउ उत्पादन गरेर बिक्रीमार्फत आम्दानी लिन सफल भएका छन् ।


## सहकारीका गतिविधिबारे सचेत बनौं !

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौं,
- सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरू सचेत बनौं ।

*सहकारी मूल्यमान्यताको पालना गरौं !*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्ट्स, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी